# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं:- २०७७/०७८
च.नं. ११९४

**कर्मचारी आवश्यकता सम्बन्धी सूचना**

**(मिति २०७७।१०।०५)**

बेदकोट नगरपालिका नगर कार्यपालिकाको मिति २०७७।०९।०५ को निर्णय अनुसार भूमिहीन दलित, भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्बन्धी कार्यविधि, २०७७ बमोजिम यस नगरपालिकाको भूमिहिन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको विवरण र तथ्यांक संकलन इकाईको लागी तपसिलमा उल्लेखित कर्मचारीहरुलाई सेवा करारमा लिनु पर्ने भएकोले योग्यता पुगेका ईच्छुक नेपाली नागरिकहरुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र दरखास्त दिन हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।दरखास्त फारम कार्यालयबाट वा यस कार्यालयको वेवसाइट www.bedkotmun.gov.np बाट उपलब्ध गर्न सकिनेछ।

| सि.नं. | विज्ञापन नं. | मद | तह | संख्या | दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | ९-२०७७/०७८ | सर्भेक्षक | सहायक पाँचौ | २ (दुइ) | रु.५०० | |
| २ | १०-२०७७/०७८ | अमिन | सहायक चौथो | १ (एक) | | |
| ३ | ११-२०७७/०७८ | तथ्यांक संकलक | सहायक चौथो | ७ (सात) | | |
| ४ | १२-२०७७/०७८ | लगत प्रबिष्टिकर्ता | सहायक चौथो | ३ (तीन) | | |
| ५ | १३-२०७७/०७८ | सामाजिक परिचालक | सहायक चौथो | ३ (तीन) | | |

- आवश्यक न्युनतम योग्यता :
  - **सर्भेक्षकका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. वा सो सरह उत्तीर्ण गरी Survey वा Geomatics विषयमा ३ वर्षे प्रविणता प्रमाणपत्र तह सरहको डिप्लोमा उत्तीर्ण वा विज्ञान (फिजिकल समूह) वा भूगोल विषय लिई प्रमाणपत्र तह उत्तीर्ण गरी कम्तिमा १ वर्षको जुनियर तालिम प्राप्त गरेको ।
  - **अमिनका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट गणित विषय लिई एस.एल.सी. उत्तीर्ण वा एस.ई.ई.मा कम्तिमा C Grade प्राप्त गरी Survey वा Geomatics विषयमा कम्तिमा १ वर्षको तालिम प्राप्त गरेको ।
  - **तथ्यांक संकलकका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट तथ्यांकशास्त्र वा जनसंख्या वा अर्थशास्त्र वा गणित विषय सहित कुनै विषयमा कम्तिमा प्रमाणपत्र तह वा सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।
  - **लगत प्रबिष्टिकर्ता**: मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण गरी कम्तिमा ३ महिनाको कम्प्युटर तालिम प्राप्त गरेको ।
  - **सामाजिक परिचालकका लागि** : मान्यता प्राप्त शिक्षण संस्थाबाट SLC वा सो सरह उत्तीर्ण भएको ।
- **दरखास्तसाथ संलग्न गर्नुपर्ने:** शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि, अनुभवको प्रतिलिपि र उम्मेदवारको व्यक्तिगत विवरण ।

प्रमुख प्रशासकीय अधिकृत

# बेदकोट नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

सम्पर्क: ०९९-४१३१२१,
०९९-४१३१२२

सिसैया, कञ्चनपुर
सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं:- २०७७/०७८
च.नं. ११९४

- उमेरको हदः १८ बर्ष पुरा भई ४० वर्ष ननाघेको ।
- छनौटको किसिमः संक्षिप्त सूची, लिखित परीक्षा तथा अन्तर्वार्ता, स्थानीय बासिन्दालाई प्राथमिकता दिइनेछ ।
- सेवा सुविधाः सर्भेक्षकलाई सहायक पाचौ तह तथा अमिन, तथ्यांक सहायक, लगत प्रविष्टिकर्ता र सामाजिक परिचालकलाई सहायक चौथो तह सरहको मासिक तलबको शुरु स्केल बराबरको पारिश्रमिक र अन्य सुविधा तोकिए बमोजिम हुनेछ ।
- करार सेवा अवधिः २०७८ साल असार मसान्तसम्म।
- निवेदन दिने अन्तिम मितिः २०७७।१०।११ (सो दिन बिदा भएमा सोको भोलिपल्ट) ।
- सम्पर्क मिति : यस कार्यालयको सूचना पाटी र कार्यालयको बेभसाइटमा पछि प्रकाशित गरिनेछ ।

प्रमुख प्रशासकीय अधिकृत